सैनामैना नगरपालिका

# स्थानीय राजपत्र

खण्ड ६) सैनामैना, फाल्गुन १४ गते, २०७९ साल (संख्या १३)

भाग २

## विद्यालय व्यवस्थापन समिति गठन कार्यविधि २०७९

### प्रस्तावना

सैनामैना नगरपालिका अन्तरगतका सामुदायिक विद्यालयमा विद्यालय व्यवस्थापन समिति गठन गर्ने प्रयोजनका लागि वर्तमान शिक्षा ऐन २०२८ (नवौं संशोधन सहित) को दफा १२ को उपदफा १ को खण्ड (क) अनुसारको विद्यालय व्यवस्थापन समिति गठन गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११. (ज) बमोजिम विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन गर्ने कार्य अगाडी बढाउन कार्यविधि तयार गर्नु बाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को अधिकार प्रयोग गरी सैनामैना नगरकार्यपालिकाबाट यो कार्यविधि जारी गरिएको छ।

### प्रारम्भिक, संक्षिप्त नाम

१. संक्षिप्त नाम र परिभाषा : यो कार्यविधिको नाम विद्यालय व्यवस्थापन समिति गठन कार्यविधि २०७९ रहेको छ।

२. यो कार्यविधि सैनामैना नगरपालिका क्षेत्रभित्र रहेका सामुदायिक विद्यालयमा लागू हुनेछ ।

३. यो कार्यविधि स्वीकृत भएपछि तुरुन्त प्रारम्भ हुनेछ ।

**परिभाषा र अर्थ**

४. नगर शिक्षा शाखा भन्नाले सैनामैना नगरपालिकाको शिक्षा, यूवा तथा खेलकूद शाखालाई बुझाउछ ।

५. नगर शिक्षा प्रमुख/ शिक्षा अधिकृत भन्नाले शिक्षा, यूवा तथा खेलकूद शाखाका प्रमुख/ अधिकृतलाई बुझाउछ ।

६. अभिभावक भन्नाले यस कार्यविधिको दफा ३ वमोजिमको अभिभावक भन्ने बुझाउछ ।

**विद्यालय व्यवस्थापन समिति गठन सम्वन्धी व्यवस्था**

७. वर्तमान शिक्षा ऐन २०२८ (नवौं संशोधन सहित) को दफा १२ को उपदफा १ को खण्ड (क) बिमोजिम अभिभावकले आफूहरूमध्येबाट छानी पठाएका दुई जना महिला सहित चार जना सदस्य छनौट गर्ने प्रयोजनका लागि निम्नानुसारको विद्यालय व्यवस्थापन समिति छनौट सहयोग समिति गठन गरिने छ ।

क) नगर शिक्षा अधिकृत, संयोजक ।

ख) सम्वन्धित वडाको वडा अध्यक्ष, सदस्य ।

ग) विद्यालयको प्रधानाध्यापक, सदस्य ।

८. अभिभावक सम्बन्धी व्यवस्था

पूर्व प्राथमिक कक्षा देखि कक्षा १२ सम्म अध्ययनरत विद्यार्थीका अभिभावकहरूको नामावली तयार गर्ने दायित्व प्रधानाध्यापकको हुनेछ । एक परिवारका जतिसुकै बालबालिका विद्यालयमा अध्ययनरत भए तापनि एक जना अभिभावक मात्र हुनेछन् । व्यवस्थापन समितिका सदस्यहरू छनौट गर्ने कार्यका लागि विद्यार्थीका बाबु, आमा, बाजे वा बज्यै र त्यस्ता अभिभावक नभएका विद्यार्थीको हकमा सो विद्यार्थीलाई संरक्षकत्व प्रदान गर्ने व्यक्ति मात्र अभिभावक मानिने छ । तर सदस्य हुनको लागि बाबु, आमा, बाजे वा बज्यै मात्र हुनुपर्नेछ ।

९. अभिभावकहरूको नामावली प्रकाशन गर्ने ।

(१) अभिभावकको नामावली प्रकाशन गर्दा सम्बन्धित विद्यालयमा अध्ययनरत विद्यार्थीका बाबु, आमा, बाजे, बज्यै वा संरक्षक मध्ये कुनै एक जनाको अनुसूची १ वमोजिमको ढाँचामा नामावली प्रकाशित गर्नुपर्नेछ ।

(२) प्रकाशित अभिभावकको नामावलीमा चित्त नबुझेमा नाम थप गर्न वा हटाउन वा अन्य विवरण सच्याउनु पर्ने भए स्वयम् अभिभावक उपस्थित भई प्रधानाध्यापक समक्ष सप्रमाण निवेदन दिनु पर्नेछ ।

(३) अभिभावकको दावी वा विरोध सही देखिएमा प्रधानाध्यापकले नामावली थपघट गरी सूचना प्रकाशन गर्नेछ । यसरी प्रकाशित नामावली नै अन्तिम हुनेछ । सो

संशोधित विवरण विद्यालयको सूचना पाटीमा तत्काल टाँस गरी सार्वजनिक गरिने छ । यस किसिमको संशोधित अभिभावक नामावली अभिभावक भेलाभन्दा कम्तिमा ३ दिन अगावै विद्यालयको सूचना पाटीमा टाँस गरी सार्वजनिक गर्नुपर्नेछ ।

(४) प्रकाशित नामावलीमा उल्लेख भएको व्यक्ति मात्र यस प्रयोजनको लागि अभिभावक मानिने छ ।

(५) एकै अभिभावकका एक भन्दा बढी बालबालिका विद्यालयमा अध्ययनरत भएमा पनि उक्त अभिभावकले मत प्रकट गर्नुपर्ने अवस्थामा एक मत मात्र प्रकट गर्न पाउने छ ।

(६) विद्यालय व्यवस्थापन समिति गठन प्रयोजनका लागि वर्तमान शिक्षा ऐन तथा नियमावलीमा उल्लेख भए बमोजिमको अभिभावकको नामावली तयार गर्ने, टाँस गर्ने र सूचना गर्ने सम्बन्धी सम्पूर्ण जवाफदेहिता प्रधानाध्यापकको हुनेछ ।

१०. उम्मेदवार हुन नसक्ने

देहाय बमोजिमको व्यक्ति व्यवस्थापन समिति सदस्य पदमा उम्मेदवार हुन सक्ने छैन ।

क) गैर नेपाली नागरिक,

ख) पच्चिस वर्ष उमेर पूरा नभएको,

ग) पदेन सदस्य बाहेकको सदस्य पदमा सरकारी कोषबाट तलव भत्ता खाने व्यक्ति,

घ) प्रचलित कानुन बमोजिम कालो सूचीमा परेको,

ङ) नैतिक पतन हुने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएको ।

च) विद्यार्थीको बाबु, आमा, बाजे वा बज्यै वाहेकको व्यक्ति (अभिभावकवाट प्रत्यक्ष छानिने चार जना सदस्यको हकमा मात्र) ।

११. सूचना गर्ने

सबै अभिभावक उपस्थितिका लागि अभिभावक भेला भन्दा ३ दिन अगावै सूचना गर्ने गराउने जिम्मेवारी प्रधानाध्यापकको हुनेछ ।

१२. सूचनाको माध्यम

सबै अभिभावकलाई अभिभावक भेला हुनुभन्दा कम्तिमा ३ दिन अगावै विद्यालयमा अध्ययनरत विद्यार्थीहरूमार्फत आ–आफ्ना अभिभावकलाई पत्रद्वारा अभिभावक भेलामा अनिवार्य उपस्थितिका लागि सूचना गर्नुपर्ने छ । यस कार्यको जिम्मेवारी प्रधानाध्यापकको हुनेछ ।

१३. अभिभावकहरूको अन्तिम नामावली प्रकाशन गर्नेः अभिभावक भेला हुनुभन्दा कम्तिमा तीन दिन अगावै अभिभावकहरूको अन्तिम नामावली विद्यालयमा प्रकाशन गरी सार्वजनिक गर्नुपर्ने छ ।

१४. गणपूरक संख्या सम्वन्धी व्यवस्था

(१) पहिलो पटकको अभिभावक भेलामा सम्पूर्ण अभिभावकहरू मध्ये ५० प्रतिशत भन्दा वढी अभिभावकको उपस्थितिलाई गणपूरक संख्या मानिने छ ।

(२) तोकिएको मितिमा अभिभावक भेलाको गणपूरक संख्या नपुग भएमा दोस्रो पटक पुनः अभिभावक भेला बोलाइने छ । यसरी भेला हुँदा एक तिहाइ अभिभावक भेला भए पनि गणपूरक संख्या पुगेको मानिने छ ।

(३) यसरी पनि गणपूरक संख्या नपुगेमा तेस्रो पटक अभिभावक भेला बोलाउँदा जति जना उपस्थित हुन्छन् त्यसैलाई गणपूरक संख्या मानी सदस्य छनौट गरिने छ ।

१५. कुनै व्यक्तिले सूचना पाइन वा मिलेन भनेको वा कुनै अभिभावक अनुपस्थित भएका आधारमा मात्र भेला रोकिने वा स्थगित वा बदर हुने छैन ।

१६. मनोनयन पत्र/उम्मेदवारी दर्ता गर्ने सम्बन्धी व्यवस्था

(१) सदस्य हुने योग्यता पुगेका इच्छुक अभिभावकहरूले अभिभावक भेलामा अनुसूची २ बमोजिमको ढाँचामा उम्मेदवारी छनौट सहयोग समिति समक्ष तोकेको समय र स्थानमा उम्मेदवारी पेश गर्नुपर्ने छ।

(२) उम्मेदवारी दिने व्यक्ति स्वयं उपस्थित भई उम्मेदवारी पेश गर्नुपर्ने छ।

१७. दावी विरोध सम्वन्धी व्यवस्था

(१) दुई महिला सहित चार जना सदस्य पदमा उम्मेदवार हुन निवेदन पेश भएको १ घण्टाभित्र सबै उम्मेदवारको नामावली तोकिए बमोजिमको ढाँचामा प्रकाशन गरिने छ।

(२) नामावली प्रकाशन भएपछि तोकिएको समय भित्र उम्मेदवारको विरुद्ध दावी विरोध पेश गर्न सकिने छ र यसको लागि सहयोग समिति समक्ष अनुसूची ४ वमोजिम तोकिएको ढाँचामा निवेदन दिनुपर्ने छ।

(३) प्राप्त दावी विरोध उपर सहयोग समितिले छानवीन गरी दावी सही ठहरिएमा संशोधन सहित र दावी झुठा ठहरिएमा पूर्ववत् आधारमा उम्मेदवारको नामावली प्रकाशन गर्नेछ।

१८. उम्मेदवारले नाम फिर्ता लिने तथा अन्तिम नामावली प्रकाशन गर्ने सम्बन्धी व्यवस्था

(१) कुनै उम्मेदवारले आफ्नो उम्मेद्वारी स्वेच्छाले फिर्ता लिन चाहेमा निजले नाम फिर्ता लिन सक्नेछ । फिर्ता लने चाहने उमेद्वारले आफ्नो आवेदनमा उम्मेद्वारी फिर्ता लिएको भनि हस्ताक्षर गर्नुपर्ने छ ।

(२) कुनै उम्मेदवारले नाम फिर्ता लिएमा बाँकी रहेका उम्मेद्वारको नामावली प्रकाशित गर्नुपर्ने छ ।

१९. कुनै पदमा तोकिएको संख्यामा मात्र उम्मेदवारी पर्न गएमा सर्वसम्मत छनौट भएको घोषणा गरिने छ ।

२०. सहमतिको लागि समय उपलब्ध गराउने

(१) तोकिएको संख्या भन्दा बढी मनोनयन पत्र पेश भएमा उम्मेदवारी दर्तापछि सर्वसम्मतिका लागि प्रयास गरिने छ । सो प्रक्रियाबाट सोही दिन सर्वसम्मत समिति गठन हुन नसकेमा छनौट सहयोग समितिले उक्त दिनको भेला समापन गरी केही दिन उम्मेद्वारहरु वीच सहमतिको लागि समय उपलव्ध गराउन सक्ने छ ।

(२) यसरी उपलव्ध गराइएको समयमा आवश्यक भन्दा वढी उम्मेद्वारले उम्मेद्वारी फिर्ता लिइ सर्वसम्वत

उम्मेद्वार भएमा छनौट सहयोग समितिले चार जना सदस्यको छनौट भएको घोषणा गर्ने छ ।

२१. उम्मेद्वारहरु वीच सहमतिको लागि समय उपलव्ध गराउदा समेत सहमति हुन नसकेमा छनौट सहयोग समितिले केही दिनमा आफै निर्वाचन सम्वन्धी कार्यविधि निर्माण गरी छोटो, सरल र सहज प्रक्रिया अपनाई सदस्यको छनौट गर्नेछ ।

२२. छनौट सहयोग समितिले चार जना सदस्यको छनौट भएको घोषणा भएपछि विद्यालय व्यवस्थापन समितिको बैठक वसी वांकी सदस्य तथा अध्यक्षको छनौट प्रचलित कानुन अनुसार गर्नेछ ।

## अनुसूची १

## अभिभावक नामावली प्रकाशन फाराम

**श्री ....       विद्यालय**                                         **मितिः**

**विद्यालय व्यवस्थापन समिति गठन गर्ने प्रयोजनार्थ**

**विद्यालयका अभिभावकहरूको नामावली**

| क्र.सं. | अभिभावकको नाम, थर | विद्यार्थीको नाम, थर | ठेगाना | सेक्सन र रो नं | कक्षा | नाता | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

## अनुसूची २

## विद्यालय व्यवस्थापन समिति सदस्य पदको लागि मनोनयन( दरखास्त) फाराम

श्री संयोजकज्यू,

मितिः

विद्यालय व्यवस्थापन समिति छनौट सहयोग समिति

उपर्युक्त सम्बन्धमा वर्तमान शिक्षा ऐन २०२८ (आठौँ संशोधन) को दफा १२ को उफदफा १ को खण्ड (क) बमोजिम यस श्री ……… …… ……… ………… …… विद्यालयको व्यवस्थापन समिति सदस्य हुनको लागि इच्छुक रहेकोले यो दरखास्त फाराम पेश गरेको छु ।

| | |
|---|---|
| प्रस्तावकको नाम, थरः | समर्थकको नाम, थर : |
| ठेगानाः | ठेगानाः |
| अभिभावक नामावली क्र.सं.: | अभिभावक नामावली क्र.सं.: |
| दस्तखतः | दस्तखतः |

निवेदकको नाम, थरः

अभिभावक नामावली क्र.सं.:

दस्तखतः

मितिः

ठेगानाः

संलग्न कागजातहरू

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

## अनुसूचि ३

**<u>उम्मेदवारहरूको नामावली/सूची प्रकाशन फारम</u>**

**विषय: उम्मेदवारहरूको नामावली प्रकाशन गरिएको ।**

**विद्यालय व्यवस्थापन समिति गठन गर्ने प्रयोजनार्थ आज मिति ....... ...... .......... गतेको अभिभावक भेलामा विद्यालय व्यवस्थापन समितिको सदस्य पदको लागि आवेदन पेश भएका उम्मेद्वारहरुको नामावली**

| क्र.सं. | अभिभावकको नाम, थर | आवेदन गरेको पद | अभिभावक क्र.सं. | विद्यार्थीको नाम, थर | कक्षा | रोल नं. | ठेगाना | नाता |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |

## अनुसूची ४

## उम्मेदवारको नामावली उपर दावी विरोधको निवेदन फारम

श्री संयोजकज्यू,

मितिः

विद्यालय व्यवस्थापन समिति छनौट सहयोग समिति

विद्यालय

उपर्युक्त सम्बन्धमा यस विद्यालयको विद्यालय व्यवस्थापन समिति गठन गर्ने प्रयोजनको लागि मिति ..........................................मा विद्यालयमा प्रकाशित भएको उम्मेदवारहरूको नामावली उपर मलाई निम्न कारणले चित्त नबुझेकोले उक्त विवरण सच्याउन/बदर गर्न अनुरोध गर्दछु ।

उम्मेद्वारको नामः

दावी विरोध गर्नुपर्नाका कारणहरूः

१.

२.

दावी विरोध सम्वन्धी प्रमाणहरूः

१.

२.

**दावी विरोध गर्ने अभिभावकको नाम, थरः**

**ठेगानाः**

**अभिभावक नामावली क्र.सं.ः**

**दस्तखतः**

**मितिः**

प्रमाणिकरण मितिः २०७९/११/१४

**आज्ञाले**

जनक थापा

प्रमुख प्रशासकीय अधिकृत